"For Nepali, By Nepali"

**गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्‌ कतार**

**Non-Resident Nepali Association, National Coordination Council, Qatar**

Estd: 2003

# प्रेष विज्ञप्ती

**मिति : १५ अगष्ट २०१४**

आदरणिय पत्रकार महानुभावहरु,

समृद्ध नेपाल निर्माणको परिकल्पना सहित स्थापित संस्था गैरआवासीय नेपाली संघ आज विश्वका ६९ राष्ट्रहरुमा संगठित रुपमा क्रियाशिल छ । समाजका हरेक विधाको उन्नति भए मात्र समृद्ध समाज निर्माण गर्न सकिन्छ, समृद्ध समाज नै समुन्नत राष्ट्रको आधार हो भन्ने कुरामा एनआरएनए प्रष्ट छ । सो उद्देश्य पुर्ति गर्नका लागि गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले समाजका हरेक विधामा विभिन्न माध्यमबाट योगदान पुर्‍याउदै आइरहेको कुरा सर्वविदितै छ । कतारको नेपाली समुदायमा विभिन्न प्रकृतिका प्रतिभाहरु रहेका छन् साहित्य, संस्कृति, खेलकुद, कलाकारिता लगायत विभिन्न विधामा पोख्त तर लुकेका प्रतिभाहरु रहेको कतारमा विभिन्न समयमा विभिन्न ढंगले हाम्रो योगदान रहँदै आई रहेको छ । यसै सिलसिलामा कतारको नेपाली समुदायमा बढिरहेको फुटवल गतिविधिलाई संस्थागत र समुदायमुखि वनाउन तथा कतारमा रहेका नेपाली फुटबल खेलाडिहरुको प्रतिभालाई प्रबर्द्धन गर्ने उद्देश्यका साथ "एनआरएन कप फुटबल २०१४" प्रतियोगिता आयोजना गर्न गइरहेको जानकारी गराउदछौं ।

हामी वसोवास तथा काम गर्ने देश कतारले खेलकुदका विभिन्न क्षेत्रमा ठुलो लगानी गर्दै आईरहेको छ । हाम्रो मित्र राष्ट्र कतारले यहाँ कार्यरत आप्रवासी नागरिकहरुको खेल विकासमा समेत सचेत रहँदै विभिन्न समयमा विभिन्न किसिकका प्रतियोगिता गर्ने तथा यस देशमा आयोजना हुने विभिन्न प्रतियोगिताहरुमा नेपालीहरुको सहभागिता गराउदै आएको सर्वविदितै छ । मित्र राष्ट्र कतारको यस अभियानमा नेपाली समुदायका तर्फवाट समेत योगदान होस् भन्ने उद्देश्य यस प्रतियोगिताको रहेको छ। यो प्रतियोगिताका लागि कतारको स्थापित खेल क्लव अलअरवी स्पोर्ट क्लवले सहयोग गरेको छ । आवश्यक फुटवल मैदान, पुरस्कार लगायतको व्यवस्था सो क्लवले गरेको छ भने अन्य प्राविधिक खर्च एनसिसि कतारले गर्नेछ ।

यो प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुको छनौट गरि भविष्यमा कतारमा रहेका अन्तराष्ट्रिय समुदायका फुटवल टिमसँग खेल्न सक्ने नेपाली समुदायको **"नेपाली फुटवल टिम"** निर्माण गरिनेछ । सो प्रतियोगिताको विजयी टिम तथा विभिन्न विधाका सर्वोकृष्ट खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्था गरिनेछ ।

यस प्रतियोगितामा प्रतिस्पर्धा गर्ने टिम तथा खेलाडीका लागि आयोजना समितिले केहि मापदण्डहरु निर्धारण गरेको थियो । जुन कुरालाई हामीले पत्रपत्रिका, वेभसाईट र सामाजिक संजाल मार्फत प्रकाशित गरिसकेका छौं । सोहि मापदण्ड वमोजिम जम्मा २४ टिमले दर्ता गरेको जानकारी गराउदछौं । प्रत्येक टिमको नाम राष्ट्रियता झल्कने किसिमका रहेका छन् भने सवै खेलाडीहरु नेपाली नागरिक रहेका छन् । प्रत्येक टिममा एक जना म्यानेजर, कोच र खेलाडि (११+८) गरि २१ सदस्यिय टिम रहेका छन् । जसवाट हामीसँग जम्मा ५०४ जना खेलाडी तथा अफिसियलहरुको सहभागिता रहेको छ । प्रतियोगिता सम्वन्धि तपसिल वमोजिमको जानकारी समेत यहाँहरुलाई जानकारी गराउदछौं ।

- प्रतियोगिताका खेलहरु २८ अगष्टवाट शुरु हुनेछन् । सम्पुर्ण खेलहरु विहिवार वेलुका र शुक्रवार दिउसो र वेलुका खेलाईनेछ ।
- मध्यपान गरेर आउने, खेल अवधिमा गालि गलौज, अपशव्द प्रयोग गर्ने तथा खेल नियम विपरित कार्य गर्ने खेलाडी वा टिमका सदस्यलाई रेफि र व्यवस्थापन समितिले निषेध गर्न सक्नेछ ।
- शुरुवाती सम्पुर्ण खेलहरु ५० मिनेटको दरले खेलाईनेछ भने सेमिफाईनल र फाईनल खेल ९० मिनेटको खेलाईनेछ । साथै खेल निर्धारित समयमा वरावरी भएमा समय थप नगरि पेनाल्टी सुटवाट नतिजा निर्धारण गरिनेछ ।
- टिमको आर्थिक तथा प्राविधिक जिम्मेवारी सम्वन्धित संस्था वा टिमले नै लिनुपर्ने सहमति भएको छ । एउटा टिमको सदस्य अर्को टिममा समावेश गर्न नपाईने व्यवस्था गरिएको ।
- यो प्रतियोगिताको लागि नेपाली र विदेशी रेफ्रिको व्यवस्था गरिएको छ ।
- सम्पुर्ण खेलहरु अल अरवी क्लवको अभ्यास मैदानमा हुनेछन् । आवश्यकता वमोजिम अन्य मैदान प्रयोग गर्नु पर्ने भएमा सो को जानकारी गराईनेछ ।
- प्रतियोगिता नक आउट विधिमा खेलाईनेछ । दर्ता भएका टिमलाई मध्यनजर गरेर समय र खेलको समायोजनका लाीग १२/१२ टिमको २ समुह निर्माण गरिएको छ । प्रत्येक समुहको १ र २ अनि ११ र १२ विचको खेल विजेता स्वत क्वाटर फाईनलमा प्रवेश गर्नेछन् भने अन्य खेलका विजेताहरुले दोश्रो चरणको खेल खेल्नु पर्नेछ । यि सवै कुराहरु प्राविधिक सुचिमा उल्लेख गरिएको छ ।
- प्रतियोगिता सफल पार्नका लागि कतारमा स्थापित संघ संस्था, वुद्धिजिवी, समाजसेवी, व्यापारी लगायत पत्रकारहरुको सहयोगको अपेक्षा गर्दछौं ।
- प्रतियोगिता सम्वन्धि सम्पुर्ण अधिकार एनआरएनए एनसिसिको प्रतियोगिता व्यवस्थापन समिति र आवश्यकता वमोजिम मुल समितिलाई र एनसिसि कतारले यस प्रतियोगिताका लागि निर्धारण गरेको सल्लाहकार समितिलाई हुनेछ ।
- टिम तथा खेलाडीहरु सम्वन्धित टिमको खेल हुनु भन्दा ३० मिनेट अगावै मैदानमा आई पुग्नुपर्नेछ । अन्यथा खेल शुरु हुने निर्धारित समयमा उपस्थिती नआउने टिमलाई पराजित घोषणा गरि प्रतिद्वन्दि टिमलाई विजेता गरिनेछ ।

**धन्यवाद !**

गोप बहादुर सुनार
संयोजक, खेलकुद समिति

टेकनाथ बराल
संयोजक, एनआरएन कप व्यवस्थापन समिति

मक्सुद आलम
अध्यक्ष